## पाटन नगरपालिकाको संक्षिप्त परिचय :

पाटन नगरपालिका नेपालको सुदूरपश्चिम  प्रदेश अन्तर्गत वैतडी जिल्लामा पर्दछ । नेपालको संघीय राजधानी काठमाडौंबाट पश्चिम-उत्तरमा २१९.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर रहेको यस नगरपालिकाको पूर्वमा सिगास गाउपालिका, पश्चिममा मेलौली र दशरथचन्द नगरपालिका, उत्तरमा सुर्नया गाउँपालिका छन् भने दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछ । साविकका सकार, सिलङ्गा, गुजर, भुमेश्वर, वसन्तपुर र पाटन गरी ६ वटा गा.वि.स मिलाई १३ वडामा विभाजन गरी नगरपालिका स्थापना गरिएको हो । यस पाटन नगरपालिकाको स्थापना नेपाल सरकार मन्त्रीपरिषद्को २०७१।०८।१६ को निर्णयअनुसार भएको हो । स्थापना हुँदा यस नगरपालिकाको नाम पाटन राखिएको थियो । पाटन वजार क्षेत्र समथर भूभागले वनेको सानो उपत्यका जस्तो भूवनावट भएकोले सो क्षेत्रको नाम पाटन रहेको हो । नेपाल सरकारले मिति २०७३।११।२२ को निर्णय गरी २०७३।११।२७ मा राजपत्रमा प्रकाशित गरी साविकको पाटन नगरपालिका ,कैलपाल गा.वि.स., सिद्धेश्वर गा.वि.स र सिद्धपुर गा.वि.स.गरी ३ वटा गा.वि.स लाई समावेश गरी १० वटा वार्डमा विभाजन गरिएको छ । बि.स. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २९,२३० रहेको छ जसमध्ये महिलाको जनसंख्या १५,६७२ र पुरुषको जनसंख्या १३,५५८ रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको अन्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यसाय, नोकरी, सेवामुलक व्यवसाय तथा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका साथै अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा दार्चुला, डडेल्धुरा, वझाङ,अछाम लगायत जिल्लाहरूबाट समेत आउने गरेका छन्। नगरपालिकाका सवै वस्तीहरुमा राष्ट्रिय प्रशारण लाईन जडान भई विद्युतीकरण भएको छ । विगतमा स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । मुख्य गरी दशैं, तिहार, साउने र माघे संक्रान्ति, महाशिवरात्री, चैते दशै, होली, गौरा, कृष्ण जन्माष्टमी, महारुद्र जात ,बनारसीधाम जात,उदयदेव जात  आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

आ.व. २०८०।०८१ का लागि नगर कार्यपालिकाको कार्यालय, नगर सभा तथा बिषयगत समितिहरुबाट स्वीकृत भएका कार्यक्रम तथा योजनाहरुको हालसम्मको प्रगति बिबरण बिषयगत शाखा अनुसार तपसिल अनुसार रहेको छ ।

# पाटन नगरपालिकाको आ.व.२०८०।०८१ को हाल सम्मको

## प्रगति विवरण

### आम्दानी र खर्च विवरण

- जम्मा आम्दानी रु ३१ करोड ८ लाख ४१ हजार ३ सय १७ पैसा १६
- चालु खर्च रु २० करोड ४७ लाख ८७ हजार १ सय ५२ पैसा २७ — ४०.८९ प्रतिशत
- पुँजिगत खर्च रु १ करोड ९९ लाख ९५ हजार ७ सय ६० पैसा ९१ — १५.३२ प्रतिशत
- जम्मा खर्च रु २२ करोड ४७ लाख ८२ हजार ९ सय १५ पैसा ४३ — ३५.०४ प्रतिशत

### आन्तरीक आम्दानी असुली विवरण

- न.पा.बाट रु.१५,१४,२१९।०५
- वडा बाट रु.९,१०,६६१।२२

जम्मा असुली रु.२४,२४,८८०।०१

### कर्मचारी सम्बन्धि विवरण

- नगरपालिकामा स्थायी १७ र करार २५ गरी जम्मा ४२ जना
- १० वटै वडा कार्यालयमा १५ स्थायी र २४ करार गरी ३९ जना
- स्वास्थ्य संस्थाहरुमा ५४ स्थायी र ५४ करार गरी १०८ जना
- जम्मा क्रमचारी संख्या १८९ जना

### योजना तथा कार्यक्रमहरु सम्बन्धि विवरण

वडा स्तरका योजना संख्या १०२ वटा
सम्झौता भएको योजना संख्या ९४ वटा
सम्पन्न भएको योजना संख्या ५ वटा
नगरपालिका स्तरीय योजना संख्या ७२ वटा
सम्झौता भएको योजना संख्या ६० वटा
सम्पन्न भएको योजना संख्या ३ वटा
उपभोक्ता समिति मार्फत संचालन भएका योजना संख्या १५९ वटा
दरभाव पत्र र बोलपत्रबाट संचालन भएका योजनाहरु १३ वटा मध्ये ६ वटा योजनाको समझौता भइ कार्यान्वयनमा रहेका र २ वटा योजना सम्पन्न ।
प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालित योजनाहरु २० वटा मध्ये १० वटा समझौता भएको १० वटा बांकी।
शिक्षाबाट संचालित योजनाहरु ३ वटा
यस न.पा.अन्तर्गत रहेका १ वटा क्याम्पस,१ वटा प्राविधिक शिक्षालय,१५ वटा मा.वि. ५१ वटा आधारभुत विद्यालय गरी जम्मा ६८ वटा शिक्षण संस्थाहरु( सामुदायिक र संस्थागत) बाट शिक्षण कार्य हुदैं आरहेको छ ।

यस न.पा.भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र १,स्वास्थ्य चौकी ८,आधारभुत स्वास्थ्य सेवा केन्द्र १,शहरी स्वास्थ्य सेवा केन्द्र ५,सुरक्षित प्रसुती केन्द्र ६,खोप केन्द्र ४१ र गाउंघर क्लिनिक ३६ बाट नगरवासीहरुलाई नियमित स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको ।

वहुक्षेत्रीय पोषण कार्यक्रम वजेट निकासा नभएका कारण संचालनमा नरहेको ।

सामाजिक सुरक्षा भत्ता लाभ ग्राहीहरु दोस्रो त्रैमासिक सम्म जम्मा ६१५८ जना रहेको र वितरण गरेको रकम रु७,०८,०८,१००।

विभिन्न दिवसीय कार्यक्रम संचालन

व्यक्तिगत घटना दर्ता भएका जम्मा १०४३ मध्ये जन्म दर्ता ६३३ , मृत्यु दर्ता १४१ , विवाह दर्ता १९०, बसाइ सराइ ११ र सम्बन्ध विच्छेद २ वटा रहेको छ ।

न्यायिक समितिमा मुद्दा दर्ता संख्या र फछ्यौंट संख्याः मुद्दा दर्ता संख्या ११ फर्छ्यौट संख्या ५ र बाँकी ६ वटा रहेको ।

<u>नगरपालिकाबाट गत विगत वर्षका र यस वर्षमा संचालनमा रहेका ठुला प्रकृतिका योजनाहरु</u>

- **यस आ.व.का (ठेक्का मार्फत )संचालित योजनाहरु**
- सुरक्षित आवास गृह ( सेफ हाउस ) निर्माण पा.न.पा.६
- सरस्वती आ.वि.गुथ्थडी भवन निर्माण पा.न.पा.१
- गौडाली गाड पौडी देखि खिपाली खानेपानी योजना पा.न.पा.६
- गुजर स्वास्थ्य चौकी भवन निर्माण पा.न.पा.३
- भुमेश्वर मा.वि.ठांड बगारी भवन निर्माण पा.न.पा.४
- कैलपाल स्वास्थ्य चौकी घेरवार निर्माण पा.न.पा.७
- **गत विगत आ.व.का योजनाहरु यस आ.व.मा सम्पन्न भएका**
  - नगरपालिका प्रशासकीय भवन निर्माण
  - वडा नं.८ को वडा कार्यालय भवन निर्माण
  - वडा नं.१० को सिद्दपुर स्वास्थ्य चौकी निर्माण
  - श्री ज्ञानेश्वर नमुना मा.वि.विद्यालय भवन निर्माण पा.न.पा.९
- **गत विगत आ.व.का कार्य सम्पन्न गर्न बांकी रहेका योजनाहरु**
  - १५ शैया अस्पताल निर्माण पा.न.पा.६
  - ५ नं.वडा कार्यालय भवन निर्माण पा.न.पा.५
  - देहिमाण्डौं बसन्तपुर सडक निर्माण पा.न.पा.५
  - मल्ली सिराडी संयुक्त कौलखुडा सिंचाई योजना पा.न.पा.१
  - सुर्नया जोलाबाज तोली लिफट सिंचाई परियोजना पा.न.पा.४

❖ <u>यस आ.व.मा संचालन हुने महत्वपुर्ण आयोजना तथा कार्यक्रमहरु</u>

- नगरपालिका प्रशासकीय भवन निर्माण
- संघिय समपुरक अनुदान अन्तर्गत गौडाली गाड पौडी देखि खिपाली खानेपानी योजना पा.न.पा.६
- संघिय विशेष अनुदान अन्तर्गत सुरक्षित आवास गृह ( सेफ हाउस ) निर्माण पा.न.पा.६
- संघिय विशेष अनुदान अन्तर्गत सरस्वती आ.वि.गुथ्थडी भवन निर्माण पा.न.पा.१
- प्रदेश विशेष अनुदान अन्तर्गत गुजर स्वास्थ्य चौकी भवन निर्माण पा.न.पा.३
- प्रदेश विशेष अनुदान अन्तर्गत कोइराली लिफट सिंचाई योजना
- प्रदेश सशर्त अनुदान अन्तर्गत साना सिंचाई निर्माण तथा मर्मत सम्भार
- प्रदेश सशर्त अनुदान अन्तर्गत पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम
- संघिय सरकार अनुदान अन्तर्गत माष्टामाण्डौं झो.पु.वडा नं.७ बसेडी गाड र बगाडी ट्रस खरीद र निर्माण
- श्री ज्ञानेश्वर नमुना मा.वि.नमुना अनुदान
- नगर शिक्षक तलव अनुदान
- स्वास्थ्यकर्मी तलव अनुदान
- कृषी तथा पशु विकासका कार्यक्रमहरु
- लघु उद्यम विकास कार्यक्रम संचालन
- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन
- वेरोजगारहरुको लगत संकलन
- सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन
- अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण
- लक्षित वर्ग कार्यक्रमहरु
- विपद व्यवस्थापन सम्बन्धी कार्य(व्यक्तिगत सहयोग र विपद प्रभावित सहयोग)
- क्षमता विकासका कार्यक्रम (कर्मचारी र पदाधिकारी )
- सबै वडा कार्यालयबाट नागरिकता नाता प्रमाणित लगायतका सिफारीसहरु सम्बन्धि सेवा प्रदान
- हाल सम्म ६ वटा वडा कार्यालयको भवन निर्माण सम्पन्न र बांकी ४ वडाको भवन निर्माण गर्न बांकी
- Website , facebook page & Whatsapp मार्फत सूचना तथा जानकारी छिटो छरितो दिने गरेको
- पाटन बजार क्षेत्रमा रहेका १२ वटा सि.सि.क्यामराहरु मर्मत कार्य सम्पन्न भईसकेको ।
- न.पा.कार्यालयमा ई हाजिरी प्रणाली , CCTV संचालनमा रहेको ।